आज मिति २०८१ साल असाढ ४ गते मंगलबारका दिन जिल्ला सरकारी वकील कार्यालय, झापाका जिल्ला न्यायाधिवक्ता श्री रुद्र प्रसाद आचार्यको अध्यक्षतामा नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० को दफा ४९(१)(ग) बमोजिमको समन्वय समितिको बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरिएको ।

**उपस्थितिः**

१. जिल्ला न्यायाधिवक्ता श्री रुद्र प्रसाद आचार्य
२. प्रहरी उपरिक्षक श्री मिलन के.सी.
३. सहायक प्रमुख जिल्ला अधिकारी श्री विश्वराज नेपाल
४. जिल्ला स्वास्थ्य कार्यालयको प्रतिनिधि श्री डा. रामबाबु खड्का
५. स.जि.न्या.व. श्री लवराज घिमिरे

**आमन्त्रित**

६. झापा जिल्ला अदालतका श्रेस्तेदार श्री किरण सिंह
७. नेपाल बार एसोसियनका अध्यक्ष श्री नारायण भट्टराई
८. मालपोत कार्यालयका कार्यालय प्रमुख श्री शेरबहादुर भण्डारी
९. डिभिजन वन कार्यालयका कार्यालय प्रमुख श्री मेघराज राई
१०. कारागार कार्यालयका जेलर श्री रेवन्त भट्टराई
११. स.जि.न्या.व. श्री दीपक अधिकारी
१२. स.जि.न्या.व. श्री प्रमिला सुनुवार

**प्रस्तावहरुः**

३. परीक्षण प्रतिवेदन सम्बन्धमा
४. साक्षी उपस्थिति सम्बन्धमा

**निर्णयहरुः**

- प्रस्ताव नं. १ माथि छलफल गर्दा अनुसन्धानको क्रममा संकलन गरि परीक्षणको लागि पठाएका भौतिक चिजवस्तु तथा नमुनाहरुको परीक्षण प्रतिवेदन समय मै प्राप्त गरी मिसिल सामेल गर्नको लागि सम्बन्धित प्रयोगशालामा समन्वय गरी रिपोर्ट यथाशिघ्र छिटो मिसिल संलग्न गर्न सबै पक्षबाट समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।
- अदालतको आदेश बमोजिम सरकारी साक्षीहरु समयमै उपस्थित गराउन प्रभावकारी रुपमा सूचना सम्प्रेषण गर्ने एंव समन्वय गर्ने निर्णय गरियो ।